नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# सूचना प्रविधि विभाग

थापागाउँ, नयाँबानेश्वर, काठमाण्डौ

## सूची दर्ता गर्ने सम्बन्धी सूचना

(प्रकाशित मिति २०७५/०४/०१)

यस विभागको लागि आ.व. ०७५/७६को अवधिलाई आवश्यक पर्ने तपसिल बमोजिमका विभिन्न कार्य तथा सेवाहरु आपूर्ति गर्नका लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम छुट्टाछुट्टैरुपमा मौजुदा सूची (Standing List) तयार गर्नुपर्ने भएको हुँदा सो कार्यका लागि सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम योग्यता पुगेका ईच्छुक ईजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी र सप्लायरहरुले सार्वजनिक खरिद नियमावली २०६४, को नियम १८ को उपनियम (१) मा उल्लेखित कागजातहरुको प्रतिलिपि संलग्न गरी सोहि नियमावलीको अनुसूची २ (क) बमोजिमको ढाँचामा यस विभागमा निबेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कार्य तथा सेवाहरुको विवरण:

१. सफ्टवेयर, मोवाईल एप, वेब एप्लिकेसन एवं सुरक्षा प्रणाली निर्माण, जडान तथा सञ्चालन, सपोर्ट सम्बन्धी सेवा ।
२. सूचना प्रविधि सम्वन्धी नीतिगत, कानूनी र संरचनागत सुधारलगायत सूचना प्रविधि सम्वन्धी अध्ययन, अनुसन्धान एवं परामर्श सम्बन्धी सेवा ।
३. सूचना प्रविधि सम्वन्धी भेन्चर फन्डिङ्ग, बिजनेस डेभलपमेन्ट, स्टार्ट अप सपोर्ट, बिजनेस ईन्कुवेसन, प्रविधि इन्कुवेसन सम्वन्धी सेवा।
४. ईन्टरनेट, टेलिफोन, केवल टी.भी., चिठ्ठी पत्र वितरण,यातायात र ढुवानी लगायत कनेक्टिभिटी सम्बन्धी सेवा ।
५. तालिम, क्षमता विकास, संस्थागत विकास सम्बन्धी सेवा ।
६. छपाई, प्रकाशन, प्रसारण, फोटोग्राफि, भिडियोग्राफि,ग्राफिक्स डिजाईन, एनिमेसन, विज्ञापन सम्बन्धी सेवा ।
७. सर सफाई, वगैचा सुधार तथा सुरक्षा सम्वन्धी सेवा ।
८. इन्टरनेट नेटवर्क जडान र मर्मत सम्बन्धी कार्य ।
९. टेलिफोन नेटवर्क र ईलेक्ट्रिकल प्रणाली जडान, पार्टपूर्जा आपूर्ति, मर्मतसम्बन्धी कार्य ।
१०. मेशिनरी तथा विद्युतीय सामान, औजार, पार्टस् आपूर्ति तथा मर्मत सम्बन्धी कार्य ।
११. सवारी साधन मर्मत एवं स्पेयरपार्टस आपूर्ति सम्बन्धी कार्य ।
१२. फर्निचर तथा फर्निसिङ्ग आपूर्तिर मर्मत सम्बन्धी कार्य ।
१३. स्टेशनरी तथा कार्यालय सामान आपूर्ति सम्बन्धी कार्य ।
१४. भवन तथा पूर्वाधार मर्मत तथा सम्भार सम्बन्धी कार्य ।
१५. खाजा रपानीआपूर्ति सम्बन्धी कार्य ।
१६. पुस्तक, पत्र पत्रिका, जर्नल लगायतका पठ्यसामाग्री आपूर्ति सम्वन्धी कार्य ।

निवेदनसाथ संलग्न हुनुपर्ने कागजातहरु:

१. संस्था वा फर्म दर्ताको प्रमाणपत्रको फोटोकपि ।
२. स्थायीलेखा नम्बर/मू.अ.कर दर्ता प्रमाणपत्रको फोटोकपि ।
३. आ.व.२०७४/७५ सम्मको करचुक्ता प्रमाणपत्रको फोटोकपि ।
४. व्यवसायिक इजाजत पत्रको फोटोकपि ।
५. प्रचलित कानून वमोजिम अयोग्य नभएको वा कालोसूचीमा नपरेको व्यहोरा फर्म कम्पनी वा संस्था स्वयंले घोषणा गरी निबेदन दिनु पर्नेछ ।

द्रष्टव्य:माथि उल्लेखित प्रत्येक कार्य तथा सेवाहरुको छुट्टाछुट्टै निबेदन दर्ता गराउनुपर्नेछ । रीत नपुगी आएका निबेदनहरुलाई मान्यता दिईने छैन। प्राप्त निबेदनहरू मौजुदा सूचीमा दर्ता गर्ने अधिकार यस विभागमा रहनेछ ।

२०७५/०४/०१
शाखा अधिकृत